अनुसूचि १
(कार्यविधीको दफा ७ को उपदफा १ संग सम्बन्धित)

# अमरगढी नगरपालिका
## नगर सभा
## कार्यसूची र समयतालिका

बैठक संख्या-१
नगरपालिका सभाकक्ष
अध्यक्षता- डिल्ली राज जोशी

बैठक बस्ने स्थान- अमरगढी
मिति २०८० असार ०८ गते

| मिति | बैठक बस्ने समय | कार्यसूचि | कार्यसूचि प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०३।०८ | ११ बजे | • सभाध्यक्ष ज्यूको बैठक कक्षमा प्रवेश<br>• सम्पुर्ण सदश्य ज्यूहरुद्धारा सम्मान प्रकट गर्न उठनु पर्ने<br>• राष्ट्रिय गान वजाउने | | |
| २०८०।०३।०८ | ११:१५ बजे | अब म अमरगढी यस अमरगढी नगरपालिकाको नगर सभा शुरु भएको घोषण गर्दछु । | सभाध्यक्ष | |
| २०८०।०३।०८ | ११:१५ देखि ११:४५ | अब म अमरगढी नगरपालिकाको आ.व.०८०/८१ को वजेट तथा कार्यक्रम, विनियोजन विद्येयक २०८० र आर्थिक विद्येयक २०८० लाई पारितगर्न निर्णयार्थ पेश गर्दछु । यस प्रस्तावको पक्षमा हुने सदश्यले हुन्छ भन्नेहोला, हुन्न भन्ने सदश्यले हुन्न भन्नुहोला र तटस्थ रहन चाहने सदश्यले मत दिन्न भन्नुहोला ।<br>हुन्छ भन्ने सदश्यले हुन्छ भन्नुहोस ,<br>हुन्न भन्ने सदश्यले हुन्न भन्नुहोस ,<br>हुन्छ भन्ने सदश्यको आवाजको संख्या बहुमतले बढी ठहरिएकाले आ.व.०८०/८१ को वजेट तथा कार्यक्रम, विनियोजन विद्येयक २०८० र आर्थिक विद्येयक २०८० पारित भएको घोषणा गर्दछु । | सभाध्यक्ष | |
| २०८०।०३।०८ | ११:४५देखि १२:३० | अब म नगर सभाका नीतिगत निर्णयहरु पारित गर्न निर्णयार्थ पेश गर्दछु ।<br>यस प्रस्तावको पक्षमा हुने सदश्यले हुन्छ भन्नेहोला, हुन्न भन्ने सदश्यले हुन्न भन्नुहोला र तटस्थ रहन चाहने सदश्यले मत दिन्न भन्नुहोला ।<br>हुन्छ भन्ने सदश्यले हुन्छ भन्नुहोस ,<br>हुन्न भन्ने सदश्यले हुन्न भन्नुहोस ,<br>हुन्छ भन्ने सदश्यको आवाजको संख्या बहुमतले बढी ठहरिएकाले नगर सभाका नीतिगत निर्णयहरु पारित भएको घोषणा गर्दछु । | सभाध्यक्ष | |
| २०८०।०३।०८ | १२:३० देखी १:१५ | शुन्य समय बक्ताहरुको नामावली संकलन र समय तोक्ने ।<br>बक्ता श्री दान बहादुर रुपाली सभा सदश्य<br>„ श्री राधा देबि खडका „ „<br>„ श्री जमुना देबि ऐर „ „ | सभाध्यक्ष | |

नगर सभा समापन ०१:१५ बजे दिउँसो सभाध्यक्ष ज्यूबाट ,

सभा सदश्यहरु,
अमरगढी नगरपालिकाको १३ औं नगर सभामा यहाँहरुले दिनु भएको सल्लाह र सुझावलाई आत्मसाथ गर्दै ति सल्लाह र सुझावलाई श्रोत साधन एवं प्रचलित कानुनको अधिनमा रहि आगामी दिनहरुमा लागु गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु, साथै नगर सभाको बैठक समापन भएको घोषणा गर्दछु ।

CamScanner

निर्णय नं. १:- अमरगढी नगरपालिकाबाट पेश भएको आर्थिक वर्ष ०८० ८१ को वजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं. २:- अमरगढी नगरपालिकाबाट पेश भएका तपसिल बमोजिमका विद्येयकहरु स्वीकृत गर्ने ।
क) आर्थिक विद्येयक, २०८०
ख) विनियोजन विद्येयक, २०८०
ग) अमरगढी बहुप्राविधिक शिक्षालय संचालन ऐन, २०७८ (शंसोधन २०८० )

निर्णय नं. ३:- अमरगढी नगर कार्यपालिका र कार्यालयबाट चालु आ.व. ०७९/८० को २०८० जेष्ठ मसान्तसम्म भएका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. ४:- यस आ.व. ०७९/८० को २०८० जेष्ठ मसान्तसम्म वितरण भएको उपचार खर्च र आर्थिक सहायता अनुमोदन गर्ने ।

निर्णय नं. ५:- नगर सभा बस्न नसक्ने अवस्थाको बिश्लेषणगरि विषेश परिस्थितीमा नगर सभाको अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ६:- महालेखा परिक्षकको कार्यालयको लेखापरिक्षण प्रतिवेनबाट औल्याईएका पेश्कि तथा वेरुजु रकम फर्छ्यौटका लागि बार्षिक कार्य योजना बनाई आवश्यक कारवाहि अगाडि बढाउने ।

निर्णय नं. ७:-अमरगढी नगरपालिकाको आ.व. ०७९/८० को २०८० जेष्ठ मसान्तसम्म भएका काम कारवाहिको वारेमा समिक्षा गरियो, साथै निम्नानुसारका काम कारवाहिलाई व्यवस्थित रुपमा सम्पादन गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने ।
क) फोहरमैला व्यवस्थापन,
ख) छाडा चौपाया व्यवस्थापन,
ग) जिन्सि एवं अन्य व्यवस्थापन,
घ) कर्मचारी व्यवस्थापन,
ङ) ईन्धन तथा सवारी साधन व्यवस्थापन तथा परिचालन ।

निर्णय नं. ८:- आगामी आ.व. ०८०/८१ को वजेट कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ अनुसार बजेटको खर्चगर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई प्रदान गर्ने ।

निर्णय नं. ०९:- आ.व.०८०/८१ को वजेट तथा कार्यक्रमहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानूनमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालनागरि कार्यान्वयनको कार्ययोजना र बार्षिक खरिद योजना स्वीकृत गर्ने र सोही कार्य योजना अनुरुप कार्यान्वयन गर्ने।

निर्णय नं. १०:- कार्यालयको विद्यमान संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्ने ।

निर्णय नं. ११:- नगरपालिकाले २०८० जेष्ठ मसान्तसम्म गरेको चालु र पुँजिगत खर्च अनुमोदन गर्ने ।

CamScanner

निर्णय नं. १२:- यस नगरपालिका क्षेत्र भित्रका धार्मिक , सांस्कृति तथा ऐतिहासिक पर्यटकिय दृष्टिकोणले अति महत्व राख्ने पर्यटकिय क्षेत्रको भौतिक सुधार एवं निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. १३:- यस नगरपालिका भित्र संचालनमा रहेका उद्योग व्यवसाय र पसल आदि सम्पुर्णलाई करको दायरामा ल्याउन र राजश्व सुधार योजना कार्यान्वयनमा ल्याउन टोली गठनगरि राजश्व संकलन गर्ने

निर्णय नं. १४:- आ.व ०७९/८० मा वजेट विनियोजन भई कार्यालयबाट कार्यन्वयन गरिएका योजना तथा कार्यक्रमहरु प्रचलित कानून वमोजिम प्राविधिकको मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी समेत भई सकेका योजनाको जाँचपास तथा फरफारकलाई अनुमोदन गर्ने ।

निर्णय नं. १६ :- यस नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुको तलवी प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं.१७:- अमरगढी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा विद्यार्थि अनुपातमा शिक्षक दरबन्दी मिलान गर्ने र थप दरबन्दीका लागि सम्बन्धित निकायमा माग गर्ने ।

निर्णय नं. १८:- वस्ती स्तरबाट छनौट भई वडा कार्यालयबाट सिफरिश भएका महत्वपूर्ण र रणनैतीक योजनाहरु योजना बैङ्कमा समावेश गर्ने ।

निर्णय नं. १९:- विद्यालयको पूर्वाधार निर्माण सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को व्यवस्था अनुरुप कार्यन्वयन गरी विद्यालयका प्रधानाध्यापकहरुलाई शिक्षण गतिविधीमा जिम्मेवार वनाउने ।

निर्णय नं. २०:- नगरको समग्र विकासका लागि आवश्यक पर्ने प्राथमिक क्षेत्र नगर कार्यपालिकाबाट तय गरी निर्माण गर्न आवश्यक पर्ने वजेट नगर विकास कोषबाट ऋण सहायता लिने ।

निर्णय नं. २१:- आर्थिक वर्ष २०८० ८१ का लागि नगरपालिकाको स्रोत साधनबाट संचालन गर्न नसकिने विभिन्न नगर तथा वडा स्तरिय आयोजनाहरु स्वीकृतगरि संघ, प्रदेश र विभिन्न लाईन एजेन्सिमा मागगर्ने ।

CamScanner